(१८)

# सडक बालबालिकाको व्यवस्थापन खर्च कार्यविधि २०७५

Scanned with CamScanner

## सडक वालवालिकाको व्यवस्थापन खर्च कार्यविधि २०७५

स्वीकृत मिति:२०७५।१।२९

**प्रस्तावना :**

विभिन्नकारणले सडकमा आएका वालवालिकाको उद्धार, सरक्षण, मनोसामाजिक विमर्श सामाजिकीकरण, पारिवारिक पुनर्मिलन, पुर्नस्थापना तथा पुर्नएकिकरण काकार्यक्रमहरु संचालन गरी सडक वालवालिकाको व्यवस्थापन तथा सडकमा वालवालिकाहरु नआउने वातावरण सृजना गर्न सञ्चालन गरिने कार्यक्रमको खर्च गर्ने कार्यविधिको लागि गाउँपालिकाले "सडक वालवालिकाको व्यवस्थापन खर्च कार्यविधि, २०७५"जारी गरेको छ ।

### परिच्छेद: १

### प्रारम्भिक

१. **संक्षिप्तनाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम"सडक वालवालिका व्यवस्थापन खर्च कार्यविधि २०७५" रहनेछ ।

(ख) यो कार्यविधि कटहरी गाउँपालिकाल्वाट स्वीकृत भएको मितिदेखि लागूहुनेछ ।

२. **परिभाषा** :विषयवा प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) " स्थानीयतहको वालअधिकार समिति"भन्नाले वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ६० वमोजिम गठित समिति सम्झनुपर्दछ ।

(ख) "मन्त्रालय"भन्नाले महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनुपर्दछ ।

(ग) "राष्ट्रिय वालअधिकार परिषद"भन्नाले वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ५९ वमोजिम गठनहुने परिषद गठन हुने समिति सम्झनुपर्दछ ।

(घ) "विभाग"भन्नाले महिला तथा वालवालिका विभाग सम्झनुपर्दछ ।

(ङ) "वालकल्याण अधिकारी"भन्नाले वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ६१ वमोजिम नियुक्तहुने वातोकिएको व्यक्ति सम्झनुपर्दछ ।

(च) "स्थानीयतह"भन्नाले गाउँपालिका सम्झनुपर्दछ ।

"कार्यक्रम"भन्नाले सडक वालवालिकाको उद्धार, संरक्षण, मनोविमर्श,सामाजिकीकरण, पारिवारीक तथा सामाजिक पुर्नस्थापना एवं पुर्नएकीकरण सहित सडक वालवालिकाको हितमा कार्य गर्न गराउन सचेतना लगायत वालअधिकारको प्रवर्धन र सडक वालवालिकाको अधिकार तथा भविष्य सुनिश्चित गर्न सरकारी तथा गैरसरकारी निकाय, विकासका साझेदार संस्था र नागरिक समाजसँगको समन्वय, सहयोग र सहकार्यमा सञ्चालन गरिने देहायका कार्यक्रम सम्झनुपर्दछ ।

१) सडक वालवालिका पहिचान तथा उद्धार

२) सम्पर्क गृह

३) सामाजिकीकरण केन्द्र

४) पारिवारिक तथा सामाजिक पुर्नमिलन, पुर्नस्थापना र पुर्नएकीकरण

५) पारिवारीक सहयोग तथा आर्थिक विकास

६) सचेतना अभिवृद्धि तथा रोकथाम

(छ) "सडकवालवालिका"भन्नाले चौविसै घण्टावा रातभर वा दिनभर वा दिनरातको केही समय जीवन निर्वाहका लागि सडकमा आश्रय लिएका निम्नानुसारका वालवालिका सम्झनुपर्दछ ।

१) अभिभावक वा परिवार विहिन भई सडकमा रहेका,

रामकुमार कामत
अध्यक्ष

कटहरी गाउँपालिकाको ... मोरङ प्रदेश नं. १

Scanned with CamScanner

२) परिवारसँग लामो समयदेखि सम्पर्कमा नरही पुर्णरुपमा सडकमा रहेका,
३) परिवारसँग समय समयमा सम्पर्कमा रही सडकमा रहेका,
४) परिवारसँगै सडकमा रहेका,
५) विपद, द्वन्द्व लगायतक कारण वासस्थान छाडी वा हराएर वा वेवारिस भएर सडकमा नै जीवन निर्वाह गर्न वाध्य भएका,
६) विभिन्न कारणले परिवारवाट परित्यक्तभइ सडकमा अलपत्रछाडिएका,
७) विशेष परिस्थिति (पारिवारीक विखण्डन समेत) को कारण एक्लै वा साथीसँग आश्रय लिएका वालवालिका,

## परिच्छेदः २
## कार्यक्रम संचालन र उद्देश्य

३. **कार्यक्रमको उद्देश्यः**

(१) सडकवालवालिकाको उद्धार, संरक्षण, मनोविमर्श, सामाजिकीकरण, पारिवारीक तथा सामाजिक पुर्नमिलन, पुर्नस्थापना तथा पुर्नएकीकरण गरी उनीहरुलाई सडक जीवनवाट मुक्तगर्नु ।
(२) वालवालिका सडकमा आउने कारणको पहिचान गरी सो को सम्वोधनद्वारा उनीहरु सडकमा आउने कमलाई निरुत्साहनगर्नु ।
(३) सडक वालवालिका व्यवस्थापन कार्य तथा खर्च गर्ने प्रकृयामा एकरुपता कायमगर्नु ।

४. **कार्यकम संचालन** :

स्थानीय तहमा सडक वालबालिका व्यवस्थापन सम्वन्धीकार्य गर्दा देहाय वमोजिम गर्नुपर्नेछ ।

(१) गाउँपालिकाले सडक वालवालिकाहरुको उद्धार, संरक्षण, लालनपालन, परिवार तथा सामाजिक पुनर्स्थापना, पुनर्मिलन, पुर्नएकीकरण, मनोसामाजिक परामर्श, सामाजिकीकरण लगायतको कार्यहरु संचालनगर्ने, उद्धार गरिएका वालवालिकाहरुलाई गा.पा.को समन्वयमा सामाजिक सघ संस्थावाट पुर्नस्थापना गर्न सकिनेछ ।
(२) सडक वालवालिकाहरुलाई विभिन्न सचेतनामुलक सन्देश तथा कार्यकम संचालन गरी समाजमा वस्ने उपयुक्त वातावरण सृजनागर्दै पुनः सडकमा फर्कनवाट रोक्ने ।
(३) सडक वालवालिकाहरुको स्वास्थ्य, तथा औषधी उपचार कार्यको लागि आवश्यक व्यवस्था मिलाउने ।
(४) सडक वालवालिकाहरुलाई औपचारिक तथा अनौपचारिक शिक्षा, सीपमुलक तथा अभिमुखीकरण तालीम मार्फत सक्षमवनाउने कार्यहरु संचालन गर्ने ।
(५) वालवालिका सडकमा आउने कारणको पहिचान गरी सो को सम्वोधनद्वारा उनीहरु सडकमा आउने कमलाई निरुत्साहित गर्न कार्य अगाडि वढाउने ।
(६) सरोकारवालाहरु (सरकारी तथा गैरसरकारी संघ,संस्था, नागरिक समाज) सँग समन्वय, सहजीकरण र सहकार्य गर्ने ।

रामकुमार कामत
अध्यक्ष

## परिच्छेदः ३
## खर्च र लेखापरीक्षणः

Scanned with CamScanner

५ **खर्च र लेखापरीक्षण:**

(क) सडक बालबालिका व्यवस्थापनको लागि विभिन्न स्रोतबाट प्राप्तभएको रकमखर्चको प्रचलित कानुन बमोजिम आयव्यव विवरणको लेखाराख्ने तथा आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखा परीक्षण गराउने । सोको प्रतिवेदन महिला, बालबालिका तथा ज्येष्ठनागरिक मन्त्रालयमा समेत पठाउनुपर्ने ।

(ख) सडक बालबालिकाको व्यवस्थापनको लागि विनियोजित बजेट प्रचलित आर्थिक प्रशासन सम्बन्धी ऐन, नियमावलीको खर्चको मापदण्डको परिधिभित्र रहीखर्च गनुपर्नेछ । उक्त रकमखर्च गर्दा सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन २०७२ तथा यस कार्यविधिको परिधिभित्र रहीखर्च गर्नुपर्नेछ ।

(ग) विनियोजित बजेट अनुसार कुनकुन क्षेत्रमा के कति रकमखर्च गरियो, सडकबालबालिका व्यवस्थापनमा गरिएका सकारात्मक पक्षहरु के के रहे, कमीकमजोरीहरु के के छन् भन्ने सम्बन्धमा विवरण तयार गर्ने । वार्षिक रुपमा महिला, बालबालिका तथा ज्येष्ठनागरिक मन्त्रालयमा राय सुझाव सहितको प्रतिवेदन पेश गर्ने ।

६. **प्रतिवेदन पेश गर्ने:**

गाउँपालिकाले सडकबालबालिका व्यवस्थापन सम्बन्धी गरेक कार्यक्रमहरुको प्रगती प्रतिवेदन, आयव्यय विवरण,मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा तयार गरी गाउँपालिकाले प्रदेशको सामाजिक विकास मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठनागरिक मन्त्रालयमा पठाउनु पर्ने ।

## परिच्छेद ४

## विविध

७. **विविध:**

सडकबालबालिका सम्बन्धीकार्यक्रम संचालनगर्दा सडकबालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२ र सडकबालबालिका पहिचान तथा उद्धारका लागि कार्यसंचालन पुस्तिका २०७२ लाइ समेत आधार मान्नुपर्नेछ ।

प्रमाणित गर्ने :
दस्तखतः
नाम : रामकुमार कामत
पद : अध्यक्ष
पाना नं : ३

रामकुमार कामत
अध्यक्ष



Scanned with CamScanner